# प्रदेश राजपत्र

प्रदेश नं. ४ सरकारद्वारा प्रकाशित

खण्ड ०१) पोखरा, जेठ ०२ गते, २०७५ साल (संख्या ०१


## भाग २

### प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

**प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४**

प्रस्तावनाः प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाउन वाञ्छनीय भएकाले,

प्रदेश नं ४ को आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ६३(क) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः (१)यस कार्यविधिको नाम "प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रदेश सञ्चितकोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनुपर्छ ।

(ख) "प्रदेश लेखा नियन्त्रक कार्यालय" भन्नाले प्रदेशको सञ्चित कोषको सञ्चालन तथा प्रदेश सरकारअन्तर्गतका कार्यालयलाई भुक्तानी, निकासा, आन्तरिक लेखा परीक्षण एवं प्रतिवेदन गर्ने कार्यालय सम्झनुपर्छ ।

(ग) "बैंक"भन्नाले प्रदेश सञ्चितकोष सञ्चालन गर्ने बैंक सम्झनुपर्छ ।

(घ) "भुक्तानी आदेश" भन्नाले कार्यालयमा भुक्तानीको दायित्व सिर्जना भए पछि भुक्तानीका आवश्यक प्रक्रिया पूरा गरी भुक्तानी निकासाका लागि चेक जारी गर्न वा कुनै कारणले रकम समायोजन गर्नुपर्ने भएमा सो रकम समायोजनका लागि सम्बन्धित कार्यालयले भुक्तानीको लागि दिइने लिखित आदेशलाई सम्झनुपर्छ।

(ङ) "भुक्तानी निकासा" भन्नाले कार्यालयको भुक्तानी आदेशबमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयबाट जारी चेक मार्फत हुने खर्चको भुक्तानीलाई सम्झनुपर्छ ।

(च) "विनियोजन"भन्नाले पेश्की खर्च ऐन र विनियोजन ऐनद्वारा निर्दिष्ट सेवा र कार्यहरूको लागि विभिन्न शीर्षकमा विभिन्न प्रदेश कार्यालयहरुलाई खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्छ र सो शव्दले पूरक विनियोजन ऐन र उधारो खर्च ऐन बमोजिम विनियोजन भएको रकम समेतलाई सम्झनुपर्छ ।

(छ) "सरकारी कारोवार गर्ने बैंक"भन्नाले प्रदेश सञ्चित कोष सञ्चालन गर्ने वैंकबाट अनुमति प्राप्त गरी प्रदेश सरकारको राजस्व,धरौटी वा विनियोजनको कारोवार गर्ने बैंक सम्झनुपर्छ ।

(ज) "संविधान"भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

३ प्रदेश सञ्चित कोषमा जम्मा हुने रकमः संविधानको धारा २०४ बमोजिम प्रदेश सञ्चित कोषमा देहायका रकमहरु जम्मा हुनेछन्ः

(क) गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारको राजस्व,

(ख) राजस्वको धितोमा लिइएको सबै कर्जाहरु,

(ग) प्रदेश ऐनको अधिकारअन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त हुने सबै धन,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान तथा ऋण रकम,

(ङ) प्रदेश सरकारलाई प्राप्त हुने अन्य रकम ।

४ प्रदेश सञ्चित कोषबाट खर्च हुने रकमः प्रदेश सञ्चित कोषबाट देहाय बमोजिम खर्च गरिनेछः

(क) प्रदेश सञ्चितकोष माथि व्ययभार हुने रकम,

(ख) विनियोजन ऐनबमोजिम खर्च हुने रकम,

(ग) पेश्की खर्च ऐनबमोजिम खर्च हुने रकम,

(घ) उधारो खर्च ऐनअन्तर्गत खर्च हुने रकम ।

५ प्रदेश सञ्चित कोष अन्तर्गत रहने बैंक खाताहरुः प्रदेश सञ्चित कोषको व्यवस्थापनका लागि देहाय बमोजिमका बैंक खाताहरु रहनेछन्ः

(क) प्रदेश क.-१-१ सञ्चित कोष मिलान खाताः यो खाता प्रदेश सरकारको सञ्चित कोष सम्बन्धी आम्दानी खर्च रकमको अन्तिम समायोजन खाता हो। यो खाता प्रदेश सरकारको

सञ्चित कोष रहने बैंकमा रहनेछ । यस खातामा सञ्चित कोषअन्तर्गत प्रदेश क.-१-२, प्रदेश क.-१-३, प्रदेश क.-१-४, प्रदेश क.-१-५, प्रदेश क.-१-६ खाताको मौज्दात रकम रकमान्तर गरी समायोजन तथा हिसाब मिलान गर्नुपर्छ । यस खाताबाट रकम झिक्ने वा नगद जम्मा गर्ने कारोवार गरिँदैन ।

(ख) प्रदेश क.-१-२आन्तरिक राजस्व खाताः प्रदेश सरकारलाई प्राप्त हुने राजस्व जम्मा गर्नको लागि प्रदेश सरकारको सरकारी कारोबार गर्न स्वीकृत प्राप्त बैंकहरूमा राजस्व रकम जम्मा गर्न मात्र मिल्ने गरीप्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा एकल राजस्व खाता खोलिनेछ। यस खातामा रकम जम्मा गर्न मात्र मिल्छ तर नगद रकम झिक्न सकिंदैन । यस खातामा प्रदेश सरकारको आन्तरिक आय, विविध आम्दानी र धरौटी रकम सदरस्याहा हुँदा प्राप्त हुने आय जम्मा गर्नुपर्छ। आर्थिक वर्षको अन्त्यमा यस खाताको रकम प्रदेश क.-१-१ सञ्चित कोष मिलान खातामा ट्रान्स्फर गरी शून्य गर्नुपर्छ ।

(ग) प्रदेश क.-१-३ राजस्व तथा अनुदान खाताः अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राप्त हुने राजस्व बाँडफाँट र अनुदान रकमलगायतका सम्पूर्ण रकम यो खातामा जम्मा गर्नुपर्छ। यो खाताबाट नगद रकम झिक्न सकिँदैन । यस खाताको हिसाबको लागि अनुदान र राजस्व बाँडफाँटको लागि छुट्टै लेजर (खाता) राखी हिसाब एकिन हुने व्यवस्था गर्नुपर्छ । अन्तिम हिसाब मिलान गर्दा यस खाताको रकम खर्च रकम एकिन गरी सञ्चितकोष हिसाब मिलान खातामा ट्रान्स्फर गरी हिसाब मिलान गर्नुपर्छ ।यो खाता निरन्तर चालू रहने भएकाले वार्षिक रूपमा खाता बन्द गर्नु पर्दैन।

(घ) प्रदेश क.-१-४ वैदेशिक ऋण खाताःअन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकारमार्फत प्रदेश सरकारलाई प्राप्त हुने वैदेशिक ऋण रकम यस खातामा जम्मा गर्नुपर्छ । वैदेशिक ऋणबाट व्यहोरिने बजेट खर्चको हिसाब एकिन भएपछि प्रदेश लेखा नियन्त्रक कार्यालयले यस खाताबाट प्रदेश क.-१-१ मा समायोजन गर्नुपर्छ।यो खाता निरन्तर चालू रहने भएकाले वार्षिक रूपमा खाता बन्द गर्नु पर्दैन।

(ङ) प्रदेश क.-१-५ वैदेशिक अनुदान खाताः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकारमार्फत प्राप्त हुने वैदेशिक अनुदान वा सहयोग रकम यस खातामा जम्मा गर्नुपर्छ। वैदेशिक अनुदान वा सहयोगबाट व्यहोरिने बजेट खर्चको हिसाब एकिन भएपछि प्रदेश लेखा नियन्त्रक कार्यालयले यो खाताबाट प्रदेश क.-१-१ मा समायोजन गर्नुपर्छ । यो खाता निरन्तर चालु रहने भएकाले वार्षिक रूपमा खाता बन्द गर्नुपर्दैन।

(च) प्रदेश क.-१-६ आन्तरिक ऋण खाताः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम प्रदेश सरकारले उठाएको आन्तरिक ऋणको रकम यो खातामा जम्मा गर्नुपर्छ। आर्थिक वर्षको अन्त्यमा यस खातामा जम्मा भएको रकम प्रदेश क.-१-१ मा ट्रान्स्फर गरी यो खाता शून्य गर्नुपर्छ ।

(छ) प्रदेश क १–७ एकल कर प्रशासन खाताः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम एकल कर प्रशासनबमोजिम सङ्कलन गरेको राजस्व रकम यस खातामा जम्मा गरिन्छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लिने प्रशासनिक खर्च कट्टी गरी

बाँकी रकम सम्बन्धित तहको बैंक खातामा जम्मा गरिदिनु पर्छ र प्रदेशले लिने प्रशासनिक खर्च बापतको रकम प्रदेश क.१–२ खातामा जम्मा गर्नुपर्छ ।

(ज) प्रदेश ख.-१खर्च खाताः प्रदेश र अन्तर्गतका कार्यालयले प्राप्त अख्तियारी बमोजिमको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले एकल खाता कोष प्रणाली बमोजिम भुक्तानी निकासा गर्ने प्रयोजनको लागि शून्य मौज्दातबाट कारोवार गर्ने गरी प्रदेश सरकारको विनियोजनतर्फको कारोवार गर्ने बैंकमा यो खाता खोल्नुपर्छ। यो खाता रहेको बैंकले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयबाट जारी गरेको चेक यस खाताबाट भुक्तानी गरी हरेक दिन उक्त भुक्तानी भएको रकम र उक्त बैंकमा जम्मा हुन आएको राजस्व लगायत प्रदेश सरकारले प्राप्त गर्ने अन्य रकम समेत हिसाब गरी प्रदेश सरकारको सञ्चितकोष रहेको बैंकलाइ प्रतिवेदन गर्नुपर्नेछ ।

(झ) प्रदेश ख.-२ धरौटी खाताः प्रदेश र अन्तर्गतका कार्यालयहरूको कामको सिलसिलामा धरौटी, जमानत, अर्नेष्ट मनी र कानुनबमोजिम धरौटीमा जम्मा गर्नुपर्ने अन्य रकमहरू जम्मा गर्दा यो खाता खोल्नुपर्नेछ । यो खाताबाट धरौटी फिर्ता वा सदरस्याहा बाहेक अन्य प्रयोजनमा खर्च गर्नु हुँदैन। यो खाता निरन्तर चालू रहनेछ ।

(ञ) प्रदेश ख.-३विविध खाताः प्रदेश र अन्तर्गतका कार्यालयहरूको बजेट बाहिरका रकम कुनै माध्यमबाट प्राप्त हुन आएमा त्यस्तो प्रकारको रकम जम्मा गर्ने प्रदेश लेखा

नियन्त्रक कार्यालयले यो खाता खोल्नुपर्छ । यस खाताबाट चेक जारी गर्न र खर्च लेख्न सकिनेछ ।

(ट) प्रदेश ख.-४ विभाज्य कोष खाताः (१) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम स्थानीय तहमा बाँडफाँट गर्नुपर्ने राजस्व रकम जम्मा गर्ने प्रदेश विभाज्य कोष खाता खोल्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने राजस्व रकम यस खातामा जम्मा गर्नुपर्नेछ । राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम यस खाताबाट खर्च लेखी प्रदेश सरकारको हिस्साको रकम प्रदेश क.१-२ खातामा र स्थानीय तहको रकम सम्बन्धित स्थानीय तहको खातामा जम्मा गर्नुपर्नेछ ।

(ठ) प्रदेश ख.-५ हिसाब मिलान खाताः (१) प्रदेशको सरकारी कारोवार गर्ने बैंकसँगको दैनिक हिसाब मिलान गर्न संञ्चितकोष सञ्चालन गर्ने बैंकले यो खाताको व्यवस्था गर्नुपर्नेछ ।

(२) दैनिकरूपमा सरकारी कारोवार गर्ने बैंकमा मौज्दात रहेको रकम यस खातामा जम्मा गर्नुपर्नेछ । प्रदेशको सरकारी कारोवार गर्ने बैंकले भुक्तानी गरेको रकम यस खाताबाट खर्च लेखी सम्बन्धित बैंकको नाममा रहेको खातामा जम्मा गर्नुपर्नेछ ।

६ प्रदेश सञ्चित कोष अन्तर्गतका खाताहरुको सञ्चालनः(१) दफा ५ बमोजिमका सञ्चित कोषको खाता सञ्चालन प्रदेश लेखा नियन्त्रण कार्यालयले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका सञ्चित कोष अन्तर्गतका खाता प्रदेश लेखा नियन्त्रण कार्यालय प्रमुख र निजले तोकेको अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

७ सरकारी कारोवार गर्ने बैंकहरुसँगको हिसाब मिलानः (१) प्रदेशको सरकारी कारोवार गर्ने बैंकमा जम्मा हुन आएको प्रदेशको खातामा रहेको रकम र खर्च खाताहरुबाट भएको खर्च रकम दैनिक रूपमा सम्बन्धित बैंकको प्रतिवेदनको आधारमा सञ्चितकोष सञ्चालन गर्ने बैंकले हिसाब मिलान गर्नुपर्छ ।

(२) उपदफा (१) बमोजिम हिसाब मिलान गर्दा एकल खाता कोष प्रणाली बमोजिम प्रदेशको खातामा जम्मा हुन आएको रकम सम्बन्धित बैंकको खाताबाट खर्च गरी प्रदेशको खातामा जम्मा गर्नुपर्नेछ र शून्य मौज्दातको खर्च खाताबाट खर्च भएको रकम सम्बन्धित बैंकको खातामा जम्मा गर्नुपर्नेछ ।

८ सञ्चित कोषबाट निकासा एवं खर्च गर्ने प्रक्रिया:(१) प्रदेश विनियोजन ऐन वा पेश्की खर्च ऐन पारित भएपछि उक्त ऐनमा विनियोजन भएको रकम आर्थिक मामिलातथा योजना मन्त्रालयले सम्बन्धित मन्त्रालय र सम्बन्धित मन्त्रालयले मातहत कार्यालयलाई अख्तियारी प्रदान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त अख्तियारी बमोजिमको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले एकल खाता कोष प्रणाली बमोजिम सम्बन्धित कार्यालयको भुक्तानी आदेशको आधारमा भुक्तानी निकासा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम भुक्तानी निकासा भएको रकम प्रदेश सञ्चितकोष रहेको बैंकले दफा ७बमोजिम दैनिक हिसाब मिलान तथा सोधभर्ना गरी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम समायोजन हुँदै गएको रकम आर्थिक वर्षको समाप्तिपछि प्रदेश लेखा नियन्त्रक कार्यालयको आदेशमा सञ्चित कोष

सञ्चालन गर्ने बैंकले प्रदेश क.- १-१सञ्चित कोष हिसाब मिलान खातामा ट्रान्स्फर गरी सञ्चितकोषको वास्तविक अवस्था तयार गर्नुपर्नेछ।

(५) भुक्तानी आदेश सम्बन्धी अन्य प्रकृया प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गरेको कार्यविधिबमोजिम हुनेछ ।

९ वित्तीय हस्तान्तरणः संविधान तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई प्रदान गर्ने वित्तीय हस्तान्तरण प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत गराउनु पर्नेछ ।

१० प्रदेश सञ्चित कोष रहने बैंकः प्रदेश सञ्चित कोषको सञ्चालन प्रदेशको मुकाम रहेको स्थानमा रहेको नेपाल राष्ट्र बैंक वा नेपाल राष्ट्र बैंकले तोकेको बाणिज्य बैंकमा रहनेछ ।

११ प्रदेश सञ्चित कोषको सञ्चालन तथा लेखा राख्ने उत्तरदायित्वः (१) प्रदेश सञ्चित कोषको सञ्चालन तथा लेखा राख्ने उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ ।

तर प्रदेश लेखा नियन्त्रक कार्यालयको स्थापना नभएसम्म प्रदेश सञ्चित कोषको सञ्चालन तथा लेखा राख्ने उत्तरदायित्व नेपाल सरकारले तोकेको निकायको हुनेछ ।

(२) प्रदेश सञ्चित कोष व्यवस्थापन गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयले माग गरेबमोजिम लेखा दाखिला गराउने र प्रतिवेदन गर्ने कर्तव्य कार्यालय र सरकारी कारोबार गर्ने बैंकको हुनेछ ।

(३) प्रदेश लेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र प्रदेश सञ्चित कोषको आर्थिक विवरण तयार गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक

कार्यालय र महालेखा परीक्षकको कार्यालयमा समेत प्रतिवेदन गर्नु पर्नेछ ।

(४) प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोषको आय व्ययसम्बन्धी विवरणहरुको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक कार्यालयबाट गराउनु पर्नेछ ।

१२ प्रदेश सञ्चित कोषबाट हुने वित्तीय हस्तान्तरणः प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई प्रदान गरिने समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम हस्तान्तरण मन्त्रालयले प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत गर्नेछ ।

१३ विविधः प्रदेश सञ्चित कोष खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारीसमा आर्थिक मामिला तथा योजना मन्त्रालयले स्वीकृत गरी जारी गरेबमोजिम हुनेछ ।

**आज्ञाले,**
**विष्णुराज ढकाल**
**प्रदेश सरकारको सचिव**



**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, प्रदेश नं. ४ । मूल्य रु १०।-